त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त
AFFILIATED TO TRIBHUVAN UNIVERSITY
# सुकुना बहुमुखी क्याम्पस
# SUKUNA MULTIPLE CAMPUS
सुन्दरहरैंचा नगरपालिका, मोरङ, कोशी प्रदेश, नेपाल
SUNDARHARAINCHA MUNICIPALITY, MORANG, KOSHI PROVINCE, NEPAL
स्था: २०४८ (ESTD. 1992)
विश्वविद्यालय अनुदान आयोग नेपालद्वारा गुणस्तर प्रत्यायनकृत (२०७२)
Accredited by University Grants Commission (UGC) Nepal (2015)

चलानी नम्बर:
(Ref No.):

मिति: २०८१/०६/२३ गते।

सम्पूर्ण शिक्षक तथा कर्मचारीहरू
सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैंचा, मोरङ

**विषय: अनुसन्धान सहायता कार्यक्रमका लागि प्रस्ताव पेस गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा विश्वविद्यालय अनुदान आयोग नेपालको मिति २०८१/०६/१६ गते प्रकाशित सूचनाअनुसार अनुसन्धान सहायता कार्यक्रमअन्तर्गत (१) विद्वतवृत्तिः (क) विद्यावारिधि वृत्ति तथा अनुसन्धान सहयोग (ख) दर्शनाचार्य वृत्ति (२) लघु अनुसन्धान विकास तथा नवप्रवर्तन अनुदान (३) सहकार्यात्मक अनुसन्धान अनुदान (४) राष्ट्रिय महत्त्वका विषयमा नवप्रवर्तनात्मक प्राविधिक तथा वैज्ञानिक अनुसन्धान (५) विद्यावारिधिका लागि आंशिक सहयोग (६) विशेष अध्ययन/अनुसन्धानका निमित्त वैदेशिक भ्रमण जस्ता वियषमा कार्यरत शिक्षक तथा कर्मचारीहरूबाट प्रस्ताव आव्हान गरेको हुँदा यस क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरूले आफूलाई इच्छा लागेको क्षेत्र वा विषयमा अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) मार्फत प्रस्ताव पेस गर्न सूचित गरिन्छ ।

१. इच्छुक शिक्षक तथा कर्मचारीहरूले अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) को निर्णय र क्याम्पसको सिफारिस साथ मिति २०८१/०७/३० गते कार्यालय समयसम्ममा विश्वविद्यालय अनुदान आयोग नेपालमा सोझै प्रस्ताव पेस गर्न सक्नु हुनेछ। अभिलेखीकरणका लागि एक प्रति प्रस्ताव RMC-Sukuna मा पेस गर्नु पर्नेछ ।

२. अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) र क्याम्पसको माध्यमबाट प्रस्ताव पेस गर्नु परेमा इच्छुक शिक्षक तथा कर्मचारीले मिति २०८१/०७/२५ गते आइतबारअपरान्ह ४:०० बजेसम्ममा प्रस्तावनाको एक प्रति हार्डकपी र एक प्रति सफ्टकपी अनुसन्धान व्यवस्थापन एकाइ (RMC-Sukuna) समक्ष पेस गर्नु पर्नेछ।

३. विश्वविद्यालय अनुदान आयोग नेपालको कार्यक्रम निर्देशिका २०८१ र Research Development and Innovation Programs Implementation Guidelines – 2021 ले तोकेका मापदण्डका आधारमा प्रस्तावना तयार गर्नु पर्नेछ। सहजताका लागि अनुदान आयोगको सूचना र दुबै निर्देशिकाहरू प्रत्येक शिक्षक तथा कर्मचारीको व्यक्तिगत इमेलमा पठाइएको छ।

४. अन्य आवश्यक जानकारीका लागि विश्वविद्यालय अनुदान आयोग नेपालको वेबसाइट ugc@ugcnepal.edu.np मा भएका व्यवस्था र विधि तथा प्रक्रियाहरूहरूको अध्ययन गर्न सक्नु हुनेछ वा RMC-Sukuna मा सम्पर्क गर्नसक्नु हुनेछ।

अर्जुनराज अधिकारी
क्याम्पस प्रमुख



CamScanner